जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

बर्ष १२ ● अंक ३६३ ● २०८२ कार्तिक ४ गते मंगलवार ● 21 Oct. 2025 ● पृष्ठ ४ ● मुल्य रु.५/-









# जनताको आशा सम्बोधन हुनुपर्छ

मुलुकमा व्याप्त अनियमितता, भ्रष्टाचार, नातावाद, गरिबी, बेरोजगारी, आय असमानताका कारण उठान भएको जेन-जी आन्दोलन सरकारको नालायकीपनकै उपज रहेको देखिन्छ । सर्वसत्तावादी सोच र पुँजीवादी आर्थिक नीति कार्यक्रम नै लागू गरेर सरकार सञ्चालन गरेका कारण मुलुकमा आर्थिक र सामाजिक विकास हुन सकेन । युवा बेरोजगारहरूको निराशाजनक अवस्था, अनियमितता र भ्रष्टाचार विरुद्ध युवा विद्यार्थीहरू आन्दोलनमा उत्रिन बाध्य बनेको थिया । पटक-पटक सत्तामा गएर नेतृत्व गरेका नेतृत्वप्रति अहिलेका युवापुस्ताको आकर्षण छैन । कुल जनसंख्याको झन्डै २५/३० प्रतिशत युवा चाहे वामपन्थी हुन् चाहे लोकतान्त्रिक पार्टीमार्फत आन्दोलनमा संगठित छैन ।

अधिकांश युवा बेरोजगारीका कारण भौंतारिएर बिदेसिएको गरेको देखिन्छ। जेन्सी आन्दोलनको दीर्घकालीन सफलताको आधार भविष्यका नेतृत्वले त्यसको दिशा, सिद्धान्त र व्यवहारलाई कति प्रभावकारी ढंगले अगाडि बढाउँछ भन्नेमा निर्भर हुन्छ। नेतृत्व हस्तान्तरणले नयाँ सोच, ऊर्जा र रणनीति प्रदान गर्न मद्दत पुर्‍याउँछ । नेतृत्वको हस्तान्तरण र पुस्तान्तरण आन्दोलनको दीर्घकालीन स्थायित्वसँग सम्बन्धित रहेको देखिन्छ। फेरि नयाँपुस्ता नयाँ प्रविधि, सामाजिक सम्बन्ध संघ अभिन्न रूपमा जोडिएको छ । जसले आलोचनात्मक चेतको विकासका साथै र वैचारिक बहसलाई पनि सँगै अगाडि बढाउन मद्दत पुर्‍याउँछ। आन्दोलनको सफलता केवल पुराना नेताहरूको करिश्मा र संघर्षको इतिहासमा निर्भर हुँदैन । अन्तमा नयाँ पुस्तालाई सक्षम, वैचारिक र संगठनात्मक रूपमा तयार पारेर नेतृत्व हस्तान्तरण गर्न सकियो भने मात्र आन्दोलनले समय अनुकूल रूपमा जनताको आशा सम्बोधन गर्ने देखिन्छ ।

# मांग पुरा नगरे औरही गाउँपालिका विरुद्ध आन्दोलन गर्ने जेनजी यूवाहरुको चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ३ कार्तिक**




दरबन्दी बाहेकका कर्मचारी हटाउनुपर्ने सहितका मांग पुरा नगरे औरही गाउँपालिका विरुद्ध आन्दोलन गर्ने जेनजी यूवाहरुले चेतावनी दिएका छन्।

जेनजी औरहीको बसेको बैठकले पालिकामा बुझाएको ज्ञापन-पत्रमा उल्लेखित मागहरु पुरा गर्न आलटाल गरिएको निष्कर्ष निकाल्दै औरही गाउँपालिकाविरुद्ध आन्दोलनको चेतावनी दिएको हो। जेनजी औरहीका संयोजक सन्तोष यादवले जारी गरेको विज्ञप्तीमा कार्तिक १२ गतेसम्म मागहरु पुरा नगरिए कार्तिक १३ गतेबाट आन्दोलन गर्ने उल्लेख छ।

जेनजी औरहीले गत २०८२ आश्विन २६ गते गाउँपालिका अध्यक्ष शिवजी यादवलाई ज्ञापन पत्र बुझाएको थियो। यस्तो छ ज्ञापन-पत्र मार्फत् गरिएको मागहरु :

१) दरबन्दी बाहेक सबै कर्मचारी हटाउनुपर्ने।

२) गाउँपालिकामा रहेको सरकारी गाडी मर्मतको नाममा भ इरहेको अनियमितत रोक्नुपर्ने । सरकारी गाडीको दुरुपयोग रोक्नुपर्ने। नीजि गाडी भाडामा लिएर चढ्ने र मोजमस्ती गर्ने प्रवत्ति बन्द हुनुपर्ने।

३) भ्रष्यचार र अनियमितताको मल जड नै अपारदर्शिता हो । तसर्थ पालिकाबाट सञ्चालन हने दैनिक कामकाज दर्ता, चलानी, सूचना, टेण्डर, कोटेशन, बैठक, कार्यक्रम आदिको प्रतिवेदन विवरण दैनिक रुपमा सार्वजानिक गर्नुपर्ने।

४) गाउँ सभाबाट पारित भएको चाल आवको बजेट यथाशीघ्र वेबसाइट र सामाजिक संजालमा राख्नुपर्ने।

५) विद्यालयहरुको पठन-पाठन र स्वास्थ्य संस्था (हेल्थ पोस्ट) अस्पतालबाट प्रदान हुने सेवामा सधार गर्नुपर्ने। यस्तै औरही प्रिमियर लिग २०८१ पाँचौं संस्करणका लागि पेसकी लिने कर्मचारी शिक्षक उमेन्द्र यादव स्वयंमले लिगको नाममा भ्रष्टाचार भएको स्वीकार गरेका छन्। साथै खेलमा संलग्न खेलाडी दिपेन्द्र कुमार यादव स्वयंमले फेसबुक लाईभमा आएर २ लाख १४ हजार ७ सय रुपैया मात्रै खर्च भएको स्पष्ट गरिसकेका छन् । यस्तो अवस्थामा भ्रष्टाचारमा संलग्न कर्मचारीहरू उपर कारवाही गर्न तथा उचित छानविनको लागि गाउँपालिकाले अख्तियारमा लेखी पठाउनु पर्ने माग पनि जेनजीले राखेको छ।




# धम्की दिने युवक पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ३ कार्तिक**

सामाजिक सञ्जालमार्फत चरित्र हत्या, धम्कीजस्ता आपराधिक गतिविधिमा संलग्न एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा चन्द्रपुर नगरपालिका-४ टेकानटोल निवासी अन्दाजी २५ वर्षीय सोम गुरुङ रहेका छन् । उनलाई आइतबार साँझ वसन्तपुर बजारबाट प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

गुरुङले चन्द्रपुर-४ का निर्माण व्यवसायी तेजविक्रम कार्कीलाई सामाजिक सञ्जालमार्फत उनकै निवासमा गएर मार्ने धम्की दिएको पोस्ट गरेपछि रौतहट जिल्ला अदालतले उनलाई पक्राउ गरी अनुसन्धान गर्न आदेश दिएको थियो । गुरुङले यसअघि पनि कार्कीलाई पटक-पटक धम्की दिने गरेका र सामाजिक सञ्जालमार्फत चरित्र हत्या गर्ने गतिविधि गरेका प्रहरीमा परेको उजुरीमा उल्लेख छ।

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: आम्दानी हुने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: खानपानमा समस्या आउने
मकर: मनमा पछुतो आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जापान पहिलो महिला प्रधानमन्त्रीको दिशामा, शेयर बजारमा ऐतिहासिक उछाल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ कार्तिक



जापानको सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) ले सोमबार साँझ जापान इनोभेसन पार्टी (जेआइपी) सँग नयाँ गठबन्धन सम्झौतामा हस्ताक्षर गर्ने तयारी गरेको छ।

यो नयाँ राजनीतिक सहकार्यसँगै एलडिपीकी नेतृ साने ताकाइचीलाई जापानको पहिलो महिला प्रधानमन्त्री बन्ने बाटो खुलेको बताइएको छ। जेआइपीले आइतबार राति अप्रत्याशित रूपमा एलडिपीसँग सहकार्यको निर्णय गरेको थियो। जेआईपीका सह-प्रमुख हिरोफुमी योसिमुराले आज बिहान ताकाइचीलाई टेलिफोन गरी गठबन्धन सम्झौतामा सहमति जनाएको र साँझ ६ बजे औपचारिक हस्ताक्षर हुने जानकारी दिए । यस घोषणा पश्चात् लगानीकर्ताहरू ताकाइचीको सक्रिय वित्तीय नीतिहरूबाट उत्साहित हुँदा टोकियोको निक्केई २२५ सूचकाङ्क तीन प्रतिशतभन्दा बढी बढ्दै ४९ हजार अङ्क नाघेको छ, जुन एक ऐतिहासिक रेकर्ड हो।

६४ वर्षीया साने ताकाइची चीनविरुद्ध कडा र परम्परावादी धारणा राख्ने दक्षिणपन्थी नेताका रूपमा चिनिन्छिन्।

# ममता तेक्वान्दो डोजाङद्वारा गोरधोई पोखरी सरसफाइ

ओम प्रकाश साह
जनकपुरधाम, ३ कार्तिक



सामाजिक उत्तरदायित्व र नागरिक सचेतना अभिवृद्धिका उद्देश्यले ममता तेक्वान्दो डोजाङ, जनकपुरधामले बिहान पिरारि चोक स्थित ऐतिहासिक गोरधोई पोखरी परिसरमा सरसफाइ कार्यक्रम गरेको छ ।

आत्मरक्षा र अनुशासनको प्रशिक्षण दिने संस्थाले यसपटक वातावरण संरक्षण र समुदायिक उत्तरदायित्व प्रति जागरण ल्याउने उद्देश्यसहित सरसफाइ अभियान सञ्चालन गरेको हो ।

कार्यक्रममा स्थानीय बासिन्दा, विद्यार्थी, नागरिक समाजका प्रतिनिधि, खेलकर्मी तथा भियान्ताहरूको उत्साहजनक सहभागिता रहेको थियो। सहभागीहरूले पोखरी वरपरका फोहर फालिएका प्लास्टिक, बोतल र कुहिने-नकुहिने पदार्थ संकलन गरी उचित व्यवस्थापन गरेका थिए । मार्शल आर्ट प्रशिक्षक तथा खेल गुरु उमेश कुमारले जनकपुरधाम जस्तो धार्मिक, सांस्कृतिक र पर्यटकिय सहर सफा र आकर्षक राख्न सबैको सामूहिक प्रयास आवश्यक रहेको बताए ।

उनले भने, "आत्मरक्षा सिक्ने जत्तिकै महत्त्व समाज र वातावरणको रक्षा गर्न पनि छ। सफा सहर हाम्रो गौरव हो, यसका लागि युवाहरू अग्रसर हुनुपर्छ ।" पोखरी सरसफाइ अभियानले स्थानीय समुदायमा पर्यावरण प्रेम, जिम्मेवारी र सामूहिक सहयोगको सन्देश फैलाएको सहभागीहरूले जनाएका छन् ।

सहभागी विद्यार्थीहरूले पनि सरसफाइ अभियानले जनकपुरको सौन्दर्य जोगाउन र आफ्नै ठाउँ प्रति गर्व महसुस गराएको प्रतिक्रिया दिएका छन् । यस अवसरमा डोजाङका प्रशिक्षक तथा सदस्यहरूले आगामी दिनमा जनकपुरका अन्य धार्मिक र ऐतिहासिक पोखरीहरूमा पनि यस्ता अभियान निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन्।

# सौगात र सृष्टि अभिनित 'भाइरल गोर्खे' माघ १ गतेबाट प्रदर्शनमा आउने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ कार्तिक




सौगात मल्ल स्टारर फिल्म 'भाइरल गोर्खे' माघ १ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले फिल्मको एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति बाहिर ल्याएको हो । पोस्टरमा फिल्मका मुख्य दुई पात्र सौगात मल्ल र सृष्टि श्रेष्ठ फिचर्ड छन् । सौगात र सृष्टिलाई रोमान्टिक भावमा देखाइएको छ । छेउमा 'बतासैले उडाइ लग्यो माया मेरो' लेखिएको छ। यसले दुई पात्रबिचको प्रेम दर्शाउँछ ।

पोस्टरले लाइक, लभ रियाक्ट र इमोजी छ, जसले सामाजिक सञ्जालमा भाइरल हुने रहर र यसमा समर्पित हुने मोहलाई दर्शाउँछ। पोस्टरमा 'फलोइङ फर यू' लेखिएको छ र मोबाइलको फ्रेमभित्र रहेका सौगात र सृष्टि टिकटक वा रिल्स बनाइरहेको देखिन्छन्। 'भाइरल गोर्खे' टिकटक, फेसबुक र युट्युबमा जसरी हुन्छ भाइरल हुने पछिल्लो ट्रेन्डलाई मुख्य कथा बनाएर बनेको फिल्म हो । फिल्म निगम श्रेष्ठले निर्देशन गरेका हुन् । एके ब्रदर कम्पनी, द जीएमआई एकेडेमी र निर्भाना फिल्म स्कुलको ब्यानरमा निर्माण भएको फिल्ममा सौगात र सृष्टिसँगै बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, ऋषि धमलाको अभिनय छ । अमित श्रेष्ठ, विशाल ताम्राकार, महेश लामिछाने र केवल जंग कुँवर निर्माता रहेको सिनेमा सह-निर्माता भुवन अधिकारी र निखिल पौडेल छन्।

# तिहारमा पनि व्यस्त नेपाली खेलकुद

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ कार्तिक




नेपालीहरूको दोस्रो ठूलो चाड तिहारको आज दोस्रो दिन । कुकुर तिहारसँगै लक्ष्मीपुजा पनि आजै मनाईँदैछ। सारा नेपालीहरू तिहारको रमझममा रमाइरहँदा नेपाली खेलाडीहरू भने चाडपर्वको बेला पनि विभिन्न अन्तर्राष्ट्रिय खेलहरूमा व्यस्त हुने भएका छन्। बहराइनमा हुने युथ एसियन गेम्स देखि बंगलादेशमा हुने काभा पुरुष नेसन्स कप भलिबलसम्म तिहारकै समयमा परेको छ।

तिहारको बेला पुरुष क्रिकेट टिम, पुरुष भलिबल टिम, महिला फुटबल टिम, तेक्वान्दो खेलाडीहरू विदेशमा हुनेछन्। यस्तै एथ्लेटिक्सका खेलाडीहरू पनि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न जानेछन्। नेपालको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय खेलकुदको प्रतिस्पर्धामा उत्रने खेलाडीहरूका लागि चाडपर्व भन्दा पनि राष्ट्रको झण्डा बोकेर खेल्नु मुख्य प्राथमिकतामा रहन्छ।

पछिल्लो समय जेनजी आन्दोलन र त्यसपछि आएको राजनीतिक परिवर्तन गर्दा देशको अवस्था राम्रो नरहेपनि खेलाडीहरूले अन्तर्राष्ट्रिय एरेनामा राम्रो प्रदर्शन गर्दै सारा नेपालीलाई खुशी बनाउनुका साथै एकजुट बनाएको छ। नेपाली क्रिकेट टोलीले विश्वकपमा स्थान बनाउँदा त्यसको खुशी सबै नेपालीले एकसाथ मनाएका थिए। काभा कप पुरुष भलिबल, बंगलादेशः नेपालको पुरुष राष्ट्रिय भलिबल टिमले यही कात्तिक ५ देखि ११ गतेसम्म बंगलादेशमा आयोजना हुने काभा कप फर मेन (काभा पुरुष कप भलिबल) मा प्रतिस्पर्धा गर्दैछ।






# तिहारको तेस्रो दिन आज साँझ ऐश्वर्य, धन धान्य र सम्पन्नताकी देवी लक्ष्मीको पूजा आराधना गरी लक्ष्मीपूजा मनाईयो

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३ कार्तिक



यमपञ्चक अर्थात् तिहारको तेस्रो दिन आज साँझ ऐश्वर्य, धन धान्य र सम्पन्नताकी देवी लक्ष्मीको पूजा आराधना गरी लक्ष्मीपूजा गरिँदैछ। लक्ष्मी पूजा गरिने कार्तिक कृष्ण औँसीको रातलाई सुखरात्री पनि भनिन्छ।

सफासुग्घर र लिपपोत नगरिएको घरमा लक्ष्मीले बास गर्दिनन् भन्ने धार्मिक मान्यताका आधारमा आज बिहानै घर सफासुग्घर र लिपपोत गरी दीपावली गरेर लक्ष्मीलाई आमन्त्रण गरिन्छ। यस दिन विशेषगरी घरका झ्याल, ढोका, चोटा, कोठा, सङ्घार, कौसी, अटाली र भऱ्याङलगायतका स्थानमा सरसफाइ गरी झिलीमिली पारिन्छ । लक्ष्मी पूजाका लागि आज साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मी स्थापना गरी पूजा गर्ने कोठासम्म गाईको गोबर र रातोमाटोले लिपपोत गरेर चामलको पीठो र अबिरले लक्ष्मीको पाइला बनाई लक्ष्मी आउने बाटो देखाइन्छ । बाटोभरि पाइलैपिच्छे केराको सुत्लो अथवा माटाको पालामा दीप प्रज्ज्वलन गरी झिलीमिली बनाइन्छ । दीपावली गरिसकेपछि पूजा कोठामा दियो, कलश र गणेशसहित लक्ष्मी स्थापना गरेर गरगहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाई विधिपूर्वक लक्ष्मीको पूजा गरिन्छ ।

लक्ष्मीपूजा पछि कन्या केटी र छोरी चेलीलाई लक्ष्मीको प्रतिक मानी पूजा गरी दक्षिणा दिने प्रचलन छ। आज घरमा लक्ष्मीपूजा गरेपछि धनदौलत वा अन्य सामान घरबाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास रहेको छ । धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईका अनुसार, लक्ष्मी पूजा सन्ध्याकालमा गरी मध्यरातमा घरका नारीले नाङ्लो ठटाएर 'अलक्ष्मी भागोस् लक्ष्मी र धन धान्यको आगमन होस्' भनी कामना गर्ने शास्त्रीय विधि रहेको छ । आज साँझ युवतीहरू समूह बनाई घरघरमा भैलो खेल्छन्। भगवान् विष्णुले यमपञ्चकको पाँच दिन स्वर्ग, मर्त्य र पाताल तीनै लोकको शासन गर्ने वरदान पाएका बलिराजाले भलो होस् भनी घर घरमा गाउन लगाएको सम्झनामा भैलो खेल्ने गरिएको हो ।

भलो होस् भन्ने शब्द समयक्रममा अपभ्रंश भई 'भैलो' हुन आएको विश्वास छ । भैलो खेल्न आउनेलाई दिइने धान, चामल, फूलमाला, पैसा र सेलरोटीलाई कात्तिकको दान भनिन्छ, जुन दान दिएमा पुण्य प्राप्त हुने धार्मिक विश्वास छ । लक्ष्मी पूजाका अवसरमा आज शहर बजारमा दीपावली गरी झिलीमिली बनाइन्छ। शास्त्रीय रूपमा गाई पूजा औँसीपछि कार्तिक शुक्ल प्रतिपदा लागेपछि मात्र गर्नुपर्ने भए पनि कुल परम्परा अनुसार कतै आजै बिहान गाईको पूजा गर्ने प्रचलन समेत छ ।

# धमौरा (रौजा) बर्थिङ स्वास्थ्य चौकीलाई आवश्यक बर्थिङ सामग्रीहरू औपचारिक रूपमा हस्तान्तरण

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३ कार्तिक



मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सुदृढीकरण परियोजना अन्तर्गत बलवा नगरपालिका-११ धमौरा (रौजा) बर्थिङ स्वास्थ्य चौकीलाई आवश्यक बर्थिङ सामग्रीहरू औपचारिक रूपमा हस्तान्तरण गरिएको छ।

इलभ ज्भबचत ध्यचमि(धष्मभ को आर्थिक सहयोग र रतौली युवा क्लबको प्राविधिक सहकार्यमा सञ्चालित परियोजनाको उद्देश्य ग्रामीण महिलाहरूलाई सुरक्षित सुत्केरी सेवा, गर्भजाँच तथा नवजात शिशु स्वास्थ्य सेवा समुदायमै उपलब्ध गराउनु रहेको हो। एक औपचारिक समारोहका बीच रतौली युवा क्लबका अध्यक्ष मोहम्मद साकिर खानले स्वास्थ्य संस्था व्यवस्थापन समिति र वडा नं. ११ का अध्यक्ष अशोक कुमार यादवलाई सामग्री हस्तान्तरण गर्नुभयो । कार्यक्रममा बलवा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामकुमार माझी, स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्य, स्थानीय समाजसेवी, स्वास्थ्यकर्मी, जग्गादाता प्रतिनिधि तथा क्लबका कर्मचारीहरूको उपस्थिती रहेको थियो। परियोजनाका संयोजक राजकुमार महतोले हस्तान्तरण गरिएका सामग्रीहरूको प्रयोगविधि र प्रभावकारिताबारे जानकारी दिँदै यसले मातृ तथा नवजात स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो। क्लब अध्यक्ष खानले सामग्रीको उचित व्यवस्थापन र प्रयोगमार्फत समुदायका महिलाहरूलाई समयमा नै गुणस्तरीय सेवा उपलब्ध हुने अपेक्षा व्यक्त गर्नुभयो । वडा अध्यक्ष यादवले इलभ ज्भबचत ध्यचमिधष्मभ र रतौली युवा क्लबबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्दै यस्ता सहकार्यलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने बताउनुभयो।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।

**त्यसैले,**


- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रिकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ति तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त यात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627

Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday